# समूह, सहकारी, समिति, व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम सञ्चालन कार्यविधि-२०८१

## १. पृष्ठभूमी

चौदण्डीगढी नगरपालिकाले आर्थिक विकासमा कृषी क्षेत्रको अग्रणी भूमिका रहेको छ। यस नगरपालिकाभित्र दुध, माछा, मासु, अण्डाजस्ता पशुपंछीजन्य उत्पादन तथा उत्पादकत्वको वृद्धिमार्फत् आत्मनिर्भरता हासिल गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको सम्भावना प्रवल रहेको छ। कृषी क्षेत्रमा व्यावसायिक रुपमा लागेका कृषी उद्यमीहरुलाई पालिकाले व्यावसायीकरण गर्न आकर्षित गरी जीवनस्तर सुधार गर्न व्यवसायिक रुपमा टेवा पुऱ्याउने उद्धेश्यले चौदण्डीगढी नगरपालिकाले व्यावसायी, समूह, सहकारी, समिति र व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम सञ्चालन गर्न **समूह, सहकारी, समिति, व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम सञ्चालन कार्यविधि-२०८१** बनाएको छ।

## २. उद्धेश्य

यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्धेश्य देहाय बमोजिम रहेको छ-

(क) खोरको सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

(ख) खोरको कारणबाट हुने विभिन्न रोगको न्यूनीकरण गर्ने।

(ग) दिगो कृषी/पशु पालन व्यवसायमा विकास गरी खाद्य सुरक्षमा योगदान पुऱ्याउने।

## ३. लक्षित वर्ग र क्षेत्र

(१) यस कार्यत्रममा लक्षित वर्ग र क्षेत्र चौदण्डीगढी नगरपालिका १० वटै वडाका समूह, सहकारी, समिति, व्यक्तिगत फार्म, उद्यमी, व्यवसायीहरु हुनेछन्।

(२) चौदण्डीगढी नगरपालिकाले कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्रभित्रको उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नेछ।

## ४. समन्वय तथा अनुगमन समिति

चौदण्डीगढी नगरपालिकाले समूह, सहकारी, समिति तथा व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम कार्यान्वयनमा सहजीकरण, समन्वय र अनुगमनका लागि समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ तर पशुपन्छी तथा मत्स्य विकाससम्बन्धी कार्यक्रम सञ्चालनका लागि कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ।

**समन्वय तथा अनुगमन समितिको, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-**

(क) समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकासँग आवश्यक समन्वय गर्ने,

(ख) चौदण्डीगढी नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन र समीक्षा गर्ने,

(ग) समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम सञ्चालनमा आइपरेका समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने

(घ) कार्यक्रमहरुको कार्यान्वयनमा, अनुगमन र प्रगति प्रेषणमा सहजीकरण गर्ने।

## ५. कार्यक्रम कार्यान्वयन कार्यदल

यस चौदण्डीगढी नगरपालिकाले पशुपन्छी तथा मत्स्य विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि पशपन्छी तथ मत्स्य क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्राविधिक संलग्न रहने गरी एक कार्यक्रम कार्यान्वयन कार्यदल गठन गर्नेछ तर कुनै समिति वा संरचना विद्यामान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ।

कार्यक्रम कार्यान्वयन गर्न बनेको कार्यदलले तपशील वमोजिमका कार्यहरु गर्नेछ-

- समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम सञ्चालन गर्न लक्षित वर्ग, क्षेत्र, समुदायका आधारमा अनुदानग्राही छनौटका आधारहरु निर्धारण गर्ने,
- सोहि बमोजिम सूचना निष्कासन गरि इच्छुक कृषक/समूह सहकारी/समिति/व्यक्तिगत फर्मले फारम भरि आफ्नो समूह सहकारी/समिति/व्यक्तिगत फर्म सुचीकृत गर्ने,
- सुचीकृत भएका पशुपन्छी तथा मत्स्य व्यवसायीहरुलाई निश्चित मापदण्ड तयार गरी मूल्याङ्कन, स्थलगत अनुगमन गरि उत्कृष्ट ठहरिएका व्यवसायीहरुलाई उपलब्ध बजेटको अवस्था हेरी निश्चित प्रोत्साहन अनुदान उपलब्ध गराउन सिफारिस गर्ने,
- समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रमका लागि पुरक प्रोत्साहन अनुदान प्रदार्न गर्न खोर सुधार मापदण्ड तयार गरी व्यवसाय विस्तार गर्न ईच्छुक व्यवसायीहरुको लागि,
- समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रमको आवेदन मूल्याङ्कन गरी सिफारिस गर्ने,
- समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रमका अनुदान प्राप्त गर्ने मापदण्ड र प्राप्त गर्ने कृषकहरुको नामावली एफ्.एम्. रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशन गर्ने,
- समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रमको लागि पुरक प्रोत्साहन अनुदानको लागि छनोट भएका अनुदानग्राहीहरुलाई उपलब्ध गराइने अनुदान रकम यकिन गरी सम्झौताको लागि सिफारिस गर्ने,
- सम्झौताअनुसार सम्पादित कार्यको अनुगमन गरी कार्य प्रगति सम्झौताअनुसार रहेमा अनुदान रकम भुक्तानीका लागि सिफारिस गर्ने र सम्झौताअनुसार कार्य भएको नपाइएमा वा अनुदानको दुरुपयोग भएको अवस्थामा अनुदान रोक्का वा सम्झौता रद्ध गर्न सिफारिस गर्ने,
- समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन, पृष्ठपोषण र समीक्षा गर्ने,
- सञ्चालित समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रममा आइपरेका समस्या सम्बोधनमा आवश्यक समन्वय गर्ने ।

(२) पशु सेवा शाखाले कार्यदलको सचिवालयको कार्य गर्नेछ ।

(३) यस कार्ययोजनाअनुरुप प्राप्त आवेदनहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, अनुगमन, सम्पादित कार्यको प्रमाणीकरण, भुक्तानी सिफारिस र अन्य कार्यहरुका लागि कार्यदल आवश्यकताअनुसार कार्यसमूह गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

**६. कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रमअन्तर्गत अनुदान प्रदान गरिने कार्यक्रम सञ्चालनका लागि यस चौदण्डीगढी नगरपालिकाले वार्षिक विनियोजन गरेको बजेटअनुसारका कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसारको म्याद दिई अनुसूची-१ बमोजिमको सार्वजनिक सूचनामार्फत् आवेदन/कार्ययोजना माग गर्नुपर्नेछ

(२) समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रमअन्तर्गत परिच्छेद ४ मा उल्लेखित कार्यक्रमसँग सम्बन्धित मापदण्ड, आधारभूत शर्त पूरा गर्ने इच्छुक आवेदकहरुले कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न सक्नेछन् ।

(३) कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरुले अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची-३ बमोजिमको निवेदन, अनुसूची-४ बमोजिम वडा कार्यालयको सिफारिस र अनुसूची-५ बमोजिका आवश्यक कागजातहरु संलग्न राखी निर्धारित समयभित्र नगरपालिकाको कार्यालयमा आवदेन/कार्ययोजना दर्ता गराउनु पर्नेछ ।

(४) यस नगरपालिकाले प्राप्त प्रस्तावहरु अनुसूची-६ बमोजिम मूल्याङ्कन र प्राथामिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम कार्यान्वयन कार्यदल समक्ष पेश गर्नेछ ।

(५) चौदण्डीगढी नगरपालिकाले आवेदन/कार्ययोजना छनौट पूर्व स्थलगत अनुगमन गर्नु पर्नेछ ।

(६) यस चौदण्डीगढी नगरपालिकामा पेश गरेका आवेदनहरु कार्यक्रम कार्यान्वयन कार्यदलले यथास्थितिमै वा आवश्यक परिमार्जनसहित स्वीकृत गर्नेछ ।
(७) स्वीकृत आवेदनमा आवेदकहरुसँग सम्बन्धित कार्यालयले अनुसूची-७ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गनुपर्नेछ ।
(८) कार्यक्रम संचालन गर्न अघि प्रचलित ऐन कानुन नियमको अधिनमा रहि लागत अनुमान तयार गर्नुपर्ने छ ।
(९) तालिम, भ्रमण, गोष्ठी, अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको **बढिमा ३ प्रतिशत**मात्र खर्च गर्न सकिनेछ ।

**७. अनुदान रकमको सम्झौता भुक्तानी प्रकृया :**

**(१) अनुदान रकमको व्यवस्था :** छनोट भएका कृषक समूहलाई मूल्याङ्कन गरी प्रति पशु खोर सुधारका लागि नगरपालिकाको तर्फबाट कूल लागतको ७५ प्रतिशतले हुनआउने रकम बढिमा **रु. ८०,०००।– (असी हजारमात्र)** सम्म अनुदान उपलब्ध गराईनेछ । उक्त रकम सम्बन्धित व्यक्तिको बैंक खातामार्फत् उपलब्ध गराईने छ ।

**(२) भुक्तानी प्रकृया:** प्रचलित ऐन कानुन नियमको अधिनमा रहि अनुदान रकमको भुक्तानी अनुसूची–८ अनुसार कार्य सम्पन्न सिफारिसका आधारमा कार्यालयले अनुदानग्राहीको बैङ्कमार्फत् एकमुष्ट रकम भुक्तानी गर्नेछ ।

## अनुसूची-१

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :-**

यस कार्यालयको आ.ब. २०८१/०८२ को लागि स्वीकृत बार्षिक कार्यक्रमअनुसार यस नगरपालिकाको **समूह, सहकारी, समिति, व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम सञ्चालन कार्यविधि-२०८१** बमोजिम कार्यक्रम संचालन गर्न इच्छुक कृषक/समूह/समिति/सहकारी/सङ्घ/सस्था/कम्पनी/फार्म/निजी उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सूचना आह्वान गरिएको छ। रीत नपुगी वा म्याद नाघि प्राप्त भएको दरखास्त/आवेदन उपर कुनै पनि कारवाही अगाडी बढाइने छैन।

| क.सं. | कार्यकमको नाम | अनुदान रकम | कार्यकम लागू हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

**आवश्यक .कागजातहरुको सूची**

१. अनुसूची-२ अनुरुपको संक्षिप्त कार्ययोजना
२. अनुसूची-३ बमोजिमको निवेदन
३. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
४. वडा कार्यालयको सिफारिस
५. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि
६. कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात
७. सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्वेश्य खुल्ने कागजातको प्रतिलिपि
८. संघ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
९. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि
१०. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्नेसम्बन्धी निर्णयको प्रतिलिपि
११. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली
१२. यसै प्रकृतिको कार्यका लागि कुनै पनि सरकारी निकाय तथा सङ्घ/संस्थाबाटविगत दुई(२) वर्षमा अनुदान नलिएको स्वघोषण पत्र
१३. कार्यक्रम सञ्चालन गर्ने प्रदेश र स्थानीयतहहरुको आवश्यकताअनुसारका अन्य कागजातहरु

**अनसूची -२**
**(परिच्छेद ३ को बुँदा ७ को उपबुँदा (३) सँग सम्बन्धित)**

## संक्षिप्त कार्ययोजना

१. प्रस्तावकको नाम :....
२. कार्यक्रम सञ्चालन गर्ने ठेगाना : .............जिल्ला ..........................न.पा.......वडा नं. .....................टोल
३. कार्यक्रमको प्रकार :
४. लक्षित वर्ग : हो /होईन यदि हो भने यहि हो भने खुलाउनुहोस ........
५. प्रस्तावित योजना :
६. प्रस्तावित योजनाको मुख्य उदेश्य :
७. प्रस्तावित योजना सम्बन्धी अनुभव : ........ वर्ष
८. सञ्चालित आयोजनाको क्षेत्रफल/संख्या :
९. हालको उपादकत्व : ........ वार्षिक आम्दानी ............
१०. आयोजना पश्चात उत्पादकत्व ........ वार्षिक आम्दानी .........
११. प्रस्तावकको खाता रहेको बैंक :
१२. प्रस्तावकको खाता बैंक नं. .......
१३. खोर सुधार योजना सञ्चालनका लागि गरिने क्रियाकलाप तथा अनुमानित लागतः

| त्र.सं. | क्रियाकलाप | इकाइ | परिमाण | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्बाई, चौडाई, मोटाई, लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरण समेत राख्नुपर्नेछ |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| २ | | | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | | | | | | | |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |

१४. आयोजनाबाट हुने सकारात्मक प्रभाव :
आय आर्जन : ........ प्रति वर्ष
रोजगारी सिर्जना : .........जना
१५. आयोजनाबाट लाभन्वित हुने सम्भावित कृषक परिवार संख्या : प्रत्यक्ष .....अप्रत्यक्ष ......
१६. आयोजना स्थलमा सडक : छ/ छैन, छ भने सडकको किसिम : ...........
१७. आयोनजा स्थलमा विद्युतको व्यवस्था : छ/छैन
१८. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :
क) आश्यकता र औचित्य :
ख) आयोजना संचालन हुने स्थान र क्षेत्रफल
ग) आयोजनाबाट उत्पादन हुने वस्तुको सूची :
घ) आयोजनाबाट उत्पादित वस्तुको बजार :
२०. लागत अनुदान विवरण

| आवेदकले व्यहोर्ने रकम रु. | अनुदान रकम रु. | जम्मा |
|---|---|---|
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

उपरोक्त बमोजिमको विवरणहरु जाने बुझेसम्म सही छ। यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानुन बमोजिम सहुला बुझौला

| | |
|---|---|
| साक्षी | निवेदक : |
| दस्ताखत | दस्ताखत |
| नाम : | नाम : |
| पद : | पद : |
| फोन नं. : | फोन नं. : |
| मिति | मिति : |

अनुसूची ३
(परिच्छेद ३ को बुँदा ७ उपबुँदा (३) सँग सम्बन्धित)

मितिः २०८१/ /

श्रीमान् प्रमुख,
..........................
बेल्टार, उदयपुर

**विषय : आवेदन पेश गरिएको बारे ।**

तहाँ कार्यालयको मिति २०८१/ / गतेको सूचनाअनुसार ..............कार्यक्रम सञ्चालन गर्न इच्छुक भई प्रस्तावित कार्य-योजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु। कार्यक्रम नियमानुसारको लागत अनुदान गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै सम्पन्न गर्ने प्रबिद्धता समेत व्यक्त गर्दछु ।

**निवेदक**
नाम :
दस्तखत :

आवेदकको नाम :
स्थायी ठेगाना :
प्रस्तावित कार्यक्रमको नाम :
कार्यक्रम सञ्चालन हुने स्थान :

संलग्न कागजतहरुको सूची

| क.सं. | संलग्न कागजतहरुको विवरण |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| | |

## अनुसूची -४
## वडा कार्यालयले प्रदान गर्ने सिफारिस ढाँचा

मिति :

श्री.....................................................

.....................................................

विषय : सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ........................... को प्रकाशित सूचनाअनुसार यस चौदण्डीगढी नगरपालिको.......नं. वडाको ............................................ टोलमा श्री .................................................. कृषक/समूह/समिति/सहकारी/ सङ्घ/सस्था/कम्पनी/फार्म संचालन गर्दै आएकोले समूह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५ प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रममा सहभागीताको लागि उक्त...............लाई आवश्यक कागजात साथ सिफारिस गरिएको व्यहोरा जनाकारीको लागि  अनुरोध छ ।

.....................................

अनुसूची-५

(परिच्छेद ३ को बुँदा ७ को उपबुँदा(३) सँग सम्बन्धित)

**आवश्यक .कागजातहरुको सूची**

१. अनुसूची-२ अनुरुपको संक्षिप्त कार्ययोजना
२. अनुसूची-३ बमोजिमको निवेदन
३. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
४. वडा कार्यालयको सिफारिस
५. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि
६. कार्ययोजना अनुरुपको योग्यता, तालीम र अनुभव जनाउने कागजात
७. सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि
८. सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
९. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि
१०. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्नेसम्बन्धी निर्णयको प्रतिलिपि
११. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली
१२. यसै प्रकृतिको कार्यका लागि विगत दुई(२) वर्षमा अनुदान नलिएको स्वघोषण पत्र
१३. कार्यक्रम सञ्चालन गर्ने प्रदेश र स्थानीयतहहरुको आवश्यकताअनुसारका अन्य कागजातहरु

# अनुसूची -६

## मूल्यङ्कन फारमको ढाँचा

१. जिल्ला:
२. आवेदक/आवेदक संस्थाको नाम :
३. कार्यक्रम संचालन स्थलको नाम :
४. प्रस्तावित कार्यक्रमको नाम :
५. मूल्यङ्कनको आधारहरु :

| क.सं. | प्रस्ताव मूल्यांकनका आधारहरु | अंक | प्राप्तांक |
|---|---|---|---|
| १. | प्रस्तावित जमिनको उपयुक्तता | २० | |
| २. | प्रस्तावित व्यवसायिक योजना | २० | |
| ३. | उत्पादित वस्तुको बजार संभावना | २० | |
| ४. | व्यवसाय सम्बन्धी अनुभव | २० | |
| ५. | व्यवस्थापन | २० | |

**नोटः** कार्यक्रम व्यवस्थापन समितिले आवश्ययकताअनुसार प्रस्तुत मापदण्को विस्तृतीकरण गर्न सक्नेछ।

६. स्थलगत अनुगमनमा भेटिएको अन्य थप विवरणहरु :

(क)

(ख)

(ग)

(घ)

**७. स्थलगत अनुगमन टोलीको राय :**

| त्र.सं. | नाम थर | पद | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधारसहित हुन्छ | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनसूची-७

(परिच्छेद ३ को बुँदा ७ को उपबुँदा(७)सँग सम्बन्धीत)

द्विपक्षीय सम्झौता

आर्थिक वर्ष ..................... को आन्तरिक स्रोतबाट विनियोजन बजेट मार्फत प्राप्त. .................................................................................................................. कार्यक्रम सञ्चालन गर्ने श्री ................................................................. .कार्यालय(यसपछि प्रथम पक्ष भनिने) र श्री .......................................................................... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी दियौं/लियौं ।

**तपशील**

१. प्रथम पक्षले सम्झौताअनुसार कार्यक्रम सञ्चालनका लागि रु. .................................अक्षरुपी ............................. रुपैयाँ (नियमानुसारको कर कट्टा गरी) दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले ............... जिल्ला ................. गा.पा./न.पा./उ.म.न.पा./म.न.पा......नं. वडाको .......................................स्थानमा यसै आर्थिक वर्षको अन्त्यसम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेका स्वीकृत संक्षिप्त कार्य-योजना अनुसारका सम्पुर्ण कार्यहरु प्रविधिक मपदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, विल भर्पाइ र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दास्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले नियमानुसारको बिल, भर्पाइ, कार्य सम्पन्न प्रतिवेदन आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दास्रो पक्षको बैङ्क खाता मार्फत बढीमा दुई किस्ता वा कार्यक्रम सम्पन्न भए पश्चात एकमुष्ठ भुक्तानी गरिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीषण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव प्रदान गर्ने सक्नेछ ।

७. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दीगोपका लागि गरिने सम्पूर्ण कार्यहरु तथा अप्रत्यशित रुपमा सिर्जित दीगोपकासबैशप्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. दोस्रो पक्षले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछ ।

९. दास्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य  रुपमा  कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निमायको नाम र अनुदान रकम उल्लेखित बोर्ड  राख्नुपर्नेछ ।

१०. दोस्रो पक्षबाट अनुदान रकमको दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको  रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिस गर्न सक्नेछ ।

११. सार्वजनिक निकायबाट सञ्चालन गरिने पशुपंछी तथा मत्स्य विकास कार्यक्रम पूर्वाधार निर्माण(सार्वजनिक पशुपंछी तथा मत्स्य विकास सम्बन्धी) को हकमा अधिकतम १०० प्रतिशत लागत अनुदान हुनेछ ।

१२. समुह सहकारी समिति व्यक्तिगत फर्मलाई नगरपालिकाको ७५प्रतिशत लागत अनुदानमा पशुपालन, खोर सुधार कार्यक्रम संचालन गरिने छ ।

क) नगरपालिकाबाट कुल लागतको ७५ प्रतिशत लागत अनुदानको रुपमा उपलब्ध गराउने छ ।

ख) कुल लागतको २५ प्रतिशल लागत आवेदकले व्यहोर्ने छ ।

१३. यस कार्यक्रम अन्तर्गत देहाय बमोजिका क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने छ ।

क.

ख. खोर निर्माण/सुधार,

ग. आहार व्यवस्थापन,

घ. पशु पहिचान तथा अभिलेखिकरण

ङ. जैविक सुरक्षा सम्बन्धी कार्यहरु,

च. होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरु

.१४.  यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुने ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्थाको नाम : | कार्यालय : |
| संस्थाको छाप : | कार्यालय छाप : |
| | |
| **रोहवर** | **रोहवर** |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |

अनुसूची -८

## वाडा कार्यालयबाट उपलब्ध हुने  ढाँचा

मिति : २०८१/      /

श्री...................................

.......................................

........................................

विषय :- कृषी अनुदान भुक्तानीसम्बन्धी सिफारिस पत्र

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ........................... मा स्वीकृत ................. स्थायी ठेगाना भएको ............... का छोरा/छोरी ............. ले तहाँबाट स्वीकृत कार्ययोजनाअनुसार तपसिल बमोजिमका कार्यहरु सम्पन्न गरेकोमा सम्झौता अनुसार रकम भुक्तानीको लागि सिफारिस साथ अनुरोध गरिन्छ ।

कार्यप्रगतिको विवरण :

योजनको नाम :

| त्र.सं. | क्रियाकलापहरु | परिमाण | जम्मा खर्च | मुख्य उपलब्धी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

................................